# धनौजी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा

धनौजी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धनौजी, धनुषा मधेश प्रदेश, नेपाल २०७३

सूचना नं. :- २०८२/०८३ -१

मधेश प्रदेश, नेपाल
मिति :- २०८२/०४/०१

**सूचना !** **सुचना !!** **सूचना !!!**

**बिषय :- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी सुचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु स्वयं वडा कार्यालयमा उपस्थित भई भदौ मसान्तभित्र अनिवार्य सामाजिक सुरक्षा भत्ताको नविकरण गर्नुहुन सम्पूर्ण लाभग्राहीमा यो सुचना जारी गरिएको छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**<u>सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न वडा कार्यलयमा पेश गर्नुपर्ने कागजातहरु :-</u>**

१. नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्रको प्रतिलिपि ।

२. बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रतिलिपि ।

३. विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ।

४. सम्वन्ध विच्छेद गरि अर्को विवाह नगरेको ६० वर्ष माथिका महिलाको हकमा सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस प्रमाण ।

५. न्यायिक पृथकीकरण गरि वसेकी महिलाको हकमा अदालतबाट न्यायिक पृथकीकरणको प्रमाणपत्र ।

६. हालसम्म विवाह नगरेको तोकिएको उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

७. अपांग भएको व्यक्तिको हकमा धनौजी गाउँपालिकाबाट जारि भएको अपांगता परिचयपत्रको प्रतिलिपि ।

*(समयमै नविकरणका लागि निवेदन पेश नगर्ने लाभग्राहीको लगत कट्टा हुने तथा निजले चालु आ.व. मा भत्ता प्राप्त गर्न नसकिने भएकोले नबिकरण गराउन छुट भएका लाभग्राहीहरुले पछि कुनै दाबी विरोध गर्न नपाउने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।)*

...................
हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क :गा.पा. अध्यक्ष 9844026362, गा.पा. उपाध्यक्ष 9821234150 प्रमुख प्रशासकीय अधिकृत
email: info@dhanaujimun.gov.np , dhanaujimun@gmail.com , ito.dhanaujimun@gmail.com web: www.dhanaujimun.gov.np